प्रतिदिन १६औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : १९० ॥ २०८१ भाद्र ०५ गते बुधबार (21st Aug 2024 Wednesday) | Pratidin National Daily | मूल्य-रु.५/-


# यसकारण शिवसताक्षीमा श्रीमानले श्रीमतीको हत्या गरे



झापा(प्रस) ।झापाको शिवसताक्षीमा घरेलु हतियार प्रयोग गरी श्रीमानले श्रीमतीको हत्या गरेका छन्।

मंगलवार साँझ ६.३५ बजे भएको यो घटनामा श्रीमती ३० वर्षीय रन्जना गौतम अधिकारीको घटनास्थलमै मृत्यु भएको हो। उनका श्रीमान ४७ वर्षीय ओमप्रसाद अधिकारीले खुकुरी प्रयोग गरेर रन्जनाको हत्या गरेको छिमेकीले बताए ।

स्थानीय वडा नं ८ शिवालय टोलको यो घटना श्रीमान श्रीमतीबीच आन्तरिक कलहका कारण भएको हुन सक्ने छिमेकीले अनुमान गरेका छन्। प्रहरीले ओमप्रकाश अधिकारीलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

मृतकका ससुरा केही महिनादेखि बिरामी थिए। उनलाई उपचारका लागि परिवारमा आर्थिक संकट थियो । स्थानीय छिमेकीका अनुसार अधिकारी परिवार उपचार खर्च तत्काल जोहो गर्न सक्ने अवस्थाका होइनन् ।

बुबा छविलाल अधिकारीलाई उपचारका लागि मंगलवार बिहान बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा लैजाने तरखर छोराले गरे । अस्पताल त लैजाने , बुबाको उपचार पनि गर्ने तर खर्चको व्यवस्थाले ओमप्रसाद अधिकारीलाई निकै सतायो ।

छिमेकीले दिएको २० हजार जति लिएर उनले बुवा छविलाललाई उपचारका लागि बिएण्डसी अस्पताल लगे। उनको उपचारमा चेकअप गर्ने जति सबै गरियो । चेकअप गरिएका सबै रिपोर्टहरू बुधवार बेलुकासम्ममा मात्र प्राप्त हुने भनेपछि बाबु छोरा घर आए ।

छोरा ओमप्रकाशले बाबुलाई भाइ नाता पर्नेको घरमा राखे। र, आफू घर गए । घर पुगेको केही समयपछि श्रीमती रञ्जनाले श्रीमान ओमप्रकाशलाई सोधिन् 'खोइ त बुवा ?' उनले भने 'बुवा भाइको घरमा बस्नुभयो।'

अनि उपचार खर्च कसरी जुटाउनुभयो त ? ओमप्रकाशले जे थियो त्यही बताइदिए। छिमेकीसँग मागेको सापटी रुपैयाँ लगेर बुवाको उपचारका लागि खर्च गरेको कुरा श्रीमती रन्जनालाई सुनाए ।

रन्जना श्रीमानसँग रिसाउँदै भनिन् ,'अंश पनि अहिलेसम्म दिएको छैन । ऋण खोजेर उपचार गर्नुपर्छ । अब यो ऋण कसले तिर्छ ?' छोराले भने 'बुवा निको भएपछि तिरिहाल्नुहुन्छ नि ।'

श्रीमान श्रीमतीको यसैमा केहीबेर विवाद चल्यो । त्यही विवादले अप्रिय घटना घटायो । घटनाका प्रत्यक्षदर्शीसमेत रहेका मृतकका १२ वर्षीय छोराले प्रतिदिनसँग भने, 'पहिला बाबाले एक मुक्का हान्नुभयो। त्यसपछि मम्मीले पनि एक थप्पड हान्नुभो । अनि बाबाले तँलाई काटेर मारिदिन्छु भन्नुभयो । मम्मीभित्र पसेर खुर्पा लिएर आउनुभयो र 'लु मार' भन्दै बाबाका हातमा दिनुभयो । रिसले चुर हुनुभएका बाबाले मम्मीलाई खुर्पा

❖ बाँकी तेस्रो पृष्ठमा

# बुवाद्वारा छोरामाथि दाउ प्रहार

झापा(प्रस) । झापाको मेचीनगरमा बुवाले धारिलो हतियार प्रहार गरी छोरालाई घाइते बनाएका छन् । मंगलवार साँझ ७.१० बजे मेचीनगर नगरपालिका ३ दोकानडाँडा बस्ने ५७ वर्षीय पुण्यप्रसाद दाहालले आफ्ना छोरा बर्ष अन्दाजी ३० का डिल्लीराम दाहाललाई टाउकोमा दाउ प्रहार गरेका हुन् । खाना खाने विषयलाई लिएर बाबुछोराबीच विवाद भएको बताइएको छ । पुण्यप्रसादले एक्कासी दाउ टाउकोको पछाडी भागमा प्रहार गर्दा चोट लागेर घाइते भएका डिल्लीरामलाई उपचारको लागि स्थानीय मेडिकल दोकानडाँडामा लगिएको छ । घाइतेको अवस्था सामान्य रहेको जनाइएको छ । धारिलो हतियार प्रहार गर्ने बुवालाई अस्थाई प्रहरी पोष्ट भृकुटीबाट खटिएको टोलीले धारिलो हतियारसहित नियन्त्रण लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

# दुर्घटनामा गाउँपालिका उपाध्यक्षको मृत्यु

झापा(प्रस) । सुर्खेतबाट नेपालगन्ज जाँदै गर्दा गाडी दुर्घटनामा परी हुम्लाको सर्केगाड गाउँपालिकाका उपाध्यक्ष चन्द्रसिंह कार्कीको मृत्यु भएको छ ।

सोमबार सुर्खेतबाट नेपालगन्ज जाँदै गरेको कर्णाली प्रदेश ०२००१ ख १०११ नम्बरको गाडी सुर्खेतको भेरीगंगा नगरपालिका वडा नम्बर-५ को एमाले मोडमा दुर्घटना हुँदा



कार्कीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ ।

कार्कीलाई दुर्घटनालगत्तै उपचारका लागि नेपालगन्ज मेडिकल कलेज लगिएको थियो । उनको उपचारका क्रममा करिब राति २ बजे मृत्यु भएको प्रहरीको भनाइ छ ।

उनी नेकपा माओवादी केन्द्रको तर्फबाट हुम्लाको सर्केगाड गाउँपालिकामा गत निर्वाचनमा उपाध्यक्ष निर्वाचित भएका थिए । उपाध्यक्ष कार्की कर्णाली प्रदेशसभा सदस्य जुम्कीत लामाका श्रीमान् हुन् ।


## श्री वीर अमरसिंह माध्यमिक विद्यालय

बिर्तामोड न.पा. २ , कोशी प्रदेश, झापा

स्था:-२०१४

## प्रेस विज्ञप्ति

मिति-२०८१/०५/०४

यस विद्यालयले प्राविधिक धारतर्फ कक्षा १० को एस.ई.ई परीक्षापछि ३०० कार्यघण्टा, कक्षा ११ को फाइनल परीक्षापछि ३०० कार्यघण्टा र कक्षा १२ को अन्तिम बोर्ड परीक्षा पछि ६०० कार्यघण्टा ओ. जेटी (व्यवहारिक अभ्यास शिक्षण) गरेपछि मात्र प्राविधिक धारका विद्यार्थीहरुको राष्ट्रिय परीक्षा बोर्डले भाईभा परीक्षा लिएपछि १०० पुर्णाक्तको परीक्षा पुरा हुन्छ अनिमात्र कक्षा १२ को मुल प्रमाणपत्र प्राप्त हुने प्रावधान अनुसार विद्यालयले स्थानीय स्तरमा बिर्तामोड क्षेत्रका कम्प्युटर इन्स्टिच्यूटहरु जस्तै क्वालिटी कम्प्युटर, आई. आई. एच.टि, वडा नं १ को कार्यालय, वडा नं २ को कार्यालय, बिर्तामोड नगरपालिकाको कार्यालय, हाईटेक कम्प्युटर, नोभा एजुकेशन फाउण्डेशन, ट्रेडलिंक कम्प्युटर, कम्प्युटर सोलुशन, नमोबुद्ध कम्प्युटर, जेनुयिन कम्प्युटर बिर्तामोड लगायत पावरटेक कम्प्युटर बिर्तामोड समेतमा विगतका बर्षहरुमा विद्यालयको आधिकारिक पत्रका साथ पूर्व सूचना वा सञ्चालकसँग अनुमति माग गरी उक्त ओ.जे.टी तालिममा पठाइने गरेकोमा मिति २०८१।४।३२ गते शुक्रबारका दिन पावरटेक कम्प्युटरमा ओ जे.टि. मा गएका हाम्रा विद्यार्थी नानीहरुप्रति उक्त कम्प्युटरका सञ्चालक अलेक मेचे र निजका कर्मचारी नारायण खनाल वालयौन दुर्व्यवहार गरी नानीहरुप्रति गरेको मानसिक टचरप्रति हाम्रो विद्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

कानुनले शान्तिपूर्ण वातावरणमा पठनपाठन गर्न पाउने नागरिक हक हनन् गरी हाम्रा नानीहरुप्रति गरेको दुर्व्यवहारप्रति विद्यालय परिवार भर्त्सना गर्दै यस्तो निन्दनीय कार्य गर्ने निज कसुरदारहरुलाई मुलुकी अपराधसंहिता २०७४ को दफा २२५ बमोजिम हदैसम्मको सजाय र जरिवाना गरी कसुरदारहरुबाट सोही ऐनको दफा २२८ बमोजिम उचित क्षतिपूर्तिको व्यवस्था मिलाई भराई कानुन बमोजिम गर्नका लागि नेपाल सरकारसँग जोडदार माग गर्दै निज पावरटेक कम्प्युटरसँग विद्यालयले गरेको सम्झौता आजका मितिबाट बदर हुनेगरी आफ्ना विद्यार्थी फिर्ता बोलाई बाँकी रहेको आ.जे.टी कार्य अन्य व्यवस्थापन गर्नेगरी यसै प्रेस विज्ञप्तिमार्फत सर्वसाधारण, अभिभावक, विद्यार्थी तथा सवै सरोकारवाला पक्षमा जानकारी गराइएको व्यहोरा सार्वजनिक गर्दछौं ।

**विद्यालय व्यवस्थापन समिति तथा विद्यालय परिवार**


# पावरटेकका सञ्चालक मेचे र कर्मचारी खनालमाथि कारवाहीको माग

बिर्तामोड(प्रस) । आफ्ना विद्यार्थीलाई यौन दुर्व्यवहार गर्नेलाई कडाभन्दा कडा कानुनी कारबाही गर्न वीर अमरसिंह माविले माग गरेको छ ।

बिर्तामोड नगरपालिका- २ बेलडाँगीमा रहेको वीर अमरसिंह माविले मंगलवार पत्रकार सम्मेलन गरी विद्यालयका छात्रामाथि यौन दुर्व्यवहार गर्ने पावरटेक कम्प्युटरका सञ्चालक अलेक मेचे र कर्मचारी नारायण खनाललाई कानुनी कारबाहीको माग गरेको हो । व्यवहारिक अभ्यास शिक्षण(ओजेटी) का लागि पठाइएका विद्यार्थीमाथि यौन हिंसा गर्ने मेचे र खनाललाई कडाभन्दा कडा कारबाही गरिनु पर्ने विद्यालयका प्रधानाध्यापक यदुनाथ अधिकारीले माग गरे ।

उनले कसुरदारहरुलाई मुलुकी अपराधसंहिता २०७४ को दफा २२५ बमोजिम हदैसम्मको सजाय र जरिवाना गरी कसुरदारहरुबाट सोही ऐनको दफा २२८ बमोजिम उचित क्षतिपूर्तिको व्यवस्था मिलाउन मागसमेत गरेका छन् ।

विद्यार्थीमाथि यौनजन्य दुर्व्यवहार गरेको आरोप लागेसँगै मेचे र खनाल शनिवार बेलुका पक्राउ परेका थिए । तर, मेचे आइतवार बेलुका रिहा भएका छन् भने खनालमाथि प्रहरीले हिरासतमा राखेर




अनुसन्धान गरिरहेको छ ।बिर्तामोडस्थित भद्रपुर रोडमा रहेको पावरटेक कम्प्युटरमा व्यवहारिक अभ्यास शिक्षण(ओजेटी) का लागि पठाएका विद्यार्थीमाथि भएको यौन दुर्व्यवहारपछि उनीहरूलाई कारबाही गर्न विद्यालयले माग गर्दै आफ्ना विद्यार्थी फिर्ता बोलाएको विद्यालय व्यवस्थापन समिति अध्यक्ष किशोरकुमार पौडेलले बताए । गत साउन ३२ गते छात्रामाथि यौन दुर्व्यवहार भएको विद्यालयले जनाएको छ । वीर अमरसिंह माविमा २०७४ सालदेखि कम्प्युटर इन्जिनियरिङको अध्यापन हुँदै आएको छ । कक्षा ९ देखि १२ सम्म त्यस विद्यालयमा प्राविधिक धारको सो विषयमा अध्यापन हुँदै आएको हो । कोर्ष अनुसार विद्यार्थीले एसईई परीक्षापछि ३०० घण्टा, कक्षा ११ को परीक्षापछि ३०० घण्टा र कक्षा १२ को फाइनल परीक्षापछि ६०० घण्टा ओजेटीमा सहभागी हुनुपर्छ । त्यसपछि मात्र विद्यार्थीको १०० पूर्णाङ्कको परीक्षा पुरा हुने राष्ट्रिय परीक्षा बोर्डको नीति छ ।

त्यसका लागि विद्यालयले बिर्तामोड क्षेत्रका विभिन्न कम्प्युटर पसल तथा इन्स्टिच्युटहरूमा विद्यार्थीलाई ओजेटी गराउने गरेको छ । त्यसैक्रममा पावरटेकमा पठाइएका छात्रामाथि यौन दुर्व्यवहार भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पौडेलले जानकारी दिए ।

छात्रामाथि यौनजन्य दुर्व्यवहार भएपछि त्यहाँबाट विद्यार्थी फिर्ता लगिएको उनले बताए । त्यहाँ वीर अमरसिंहका ५ जना विद्यार्थीलाई ओजेटीका लागि सहभागी गराइएको थियो । ओजेटीमा जाने विद्यार्थीहरु असुरक्षित भएपछि अब विद्यालयले कम्प्युटर संचालकहरुसंग कडा ढंगले संझौता गर्ने र निरन्तर अनुगमन गरिरहने अध्यक्ष पौडेलले जानकारी दिए ।




# पोखरीमा डुबेर भाइको मृत्यु, दाजु सिकिस्त

झापा(प्रस) । मोरङको रंगेली नगरपालिका-५ भेरुवाथानमा रहेको पोखरीमा मंगलबार दिउँसो दुई जना नाबालक डुबेका छन्।

एकै घरका दाजुभाइ मामाघरनजिकको पोखरीमा डुबेका हुन्। डुबेकामध्ये भाइको मृत्यु भएको छ। दाजु सिकिस्त छन्। मोरङको कटहरी गाउँपालिका-५ घर भएका रञ्जीत ठाकुरका छोराहरु २ वर्षीय नीरज र ६ वर्षीय मनिष ठाकुर रंगेलीस्थित मामाघर गएका थिए।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले दुवै जनालाई मामाघरको पछाडि रहेको पोखरीमा डुबिरहेको अवस्थामा दिउँसो १२ बजेतिर फेला पारिएको बताए। उनका अनुसार दुवै जनालाई सिकिस्त अवस्थामा उद्धार गरेर उपचारका लागि रंगेली अस्पताल लगिएको थियो।

अस्पताल पुऱ्याउनसाथ भाइ नीरजलाई चिकित्सकले मृत घोषित गरेको जानकारी बस्नेतले दिए। रंगेलीमा सम्भव नभएपछि दाजु मनिषलाई थप उपचारका लागि विराटनगरको कोशी अस्पताल ल्याइएको थियो।

प्रहरीका अनुसार मध्यम अवस्थाका मनिषको स्वास्थ्य सुधारोन्मुख छ। नाबालक दाजुभाइ खेल्ने क्रममा त्यहाँ पुगेको र पोखरीमा खसेर डुबेको हुनसक्ने प्रहरीको अनुमान छ। इलाका प्रहरी कार्यालय रंगेलीका इन्सपेक्टर सन्तोष खड्का नेतृत्वको टोलीले घटनाको अनुसन्धान अघि बढाएको छ।

# मेचीनगरका नेवार समुदायले निकाले गाईजात्रा

काँकरभिट्टा(प्रस) ।भाद्र कृष्ण प्रतिपदादेखि कृष्ण जन्माष्टमीसम्म मनाइने गाईजात्रा पर्व मंगलवारदेखि सुरु भएको छ । दिवंगत आफन्तको सम्झना तथा उनीहरूको आत्मा शान्तिका लागि गाईजात्रा पर्व मनाउने गरिन्छ ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन ‘ जनतालाई आ-आफ्नो घरका मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली शहर परिक्रमा गराउनू’ भनी आज्ञा दिएका आधारमा यो पर्व सुरु भएको ऐतिहासिक तथ्य छ ।

यसै क्रममा नेवा समाज मेचीनगरले समेत वर्ष दिनभरि दिवंगत आफन्तको चिरशान्तिको कामना गर्दै गाईजात्रा मनाएको छ । झापाको मेचीनगरको काँकरभिट्टामा पनि वर्षभरि दिवंगत भएका व्यक्तिहरुको सम्झनामा गाईजात्रा निकालिएको थियो। समाजको अगुवाईमा नगरका नेवार समुदायले गाईजात्रा निकालेको समाजका पूर्व अध्यक्ष उदयकुमार श्रेष्ठले जानकारी दिए । यो वर्ष भरि दिवंगत भएका काँकरभिट्टाका दुईजना व्यक्तिहरुको सम्झनामा गाईजात्रा निकालिएको थियो ।उनीहरुको सम्झनामा



आजका दिन गाई वा मानिसलाई गाईका रूपमा सिंगारी आ-आफ्ना क्षेत्रमा परिक्रमा गराउने र उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान दिएको बताइएको छ ।

झापा मेचीनगर –६ काँकरभिट्टाका दिंवगत प्रेमबहादुर श्रेष्ठ र वीरबहादुर श्रेष्ठको घरबाट गाईजात्रा निकालिएको थियो । दिवंगत श्रेष्ठद्वयको चिरशान्तिको कामना गर्दै उनीहरुको परिवारले समाजको अगुवाईमा गाईजात्रा निकाले हो । प्रेमबहादुरको २०८० पुस ५ गते र वीरबहादरको २०८० साल कात्तिक २४ गते निधन भएको थियो । राजा प्रताप मल्लले आफ्नो छोराको मृत्यु भएपछि भावविह्वल भएकी रानीलाई मनाउन जात्रा निकाल्ने प्रचलन सुरु गरेको मान्यता छ ।

परम्परागत रुपमा निकालिएको गाईजात्रा मेचीनगर नगरपालिकाको मुख्यः बजार काँकरभिट्टा परिक्रमा गराइएको थियो । गाईलाई नगर परिक्रमा गर्नाले वर्षभरि मृत्यु भएका व्यक्ति गाईको पुच्छर समाइ वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास रहेको छ । हिन्दू धर्मग्रन्थ पद्मपुराणमा उल्लेख भएअनुसार यमलोकको मुख्य ढोका वर्षभरि बन्द रहने र मर्त्यलोक अर्थात् पृथ्वीलोकमा गाईजात्रा निकालेपछि यमलोकको ढोका खुल्ने एवम् मृत आत्माहरुले यमलोक प्रवेश पाई मुक्ति पाउने उल्लेख गरिएको संस्कृतकर्मीहरुको भनाई छ ।

समाजले परापूर्वकालदेखि गाईजात्रा पर्व मनाउदै आएको समाजका अध्यक्ष कमल गुभाजुले जानकारी दिए । देशका विभिन्न स्थानमा गाईजात्रा मनाइने भएपनि काँकरभिट्टामा यसको विशेष रौनक देखिने गर्छ । झापाको मेचीनगर –६ काँकरभिट्टामा निकै ठूलो संख्यामा नेवार समुदाय बसोबास गर्दै आएको समाजको भनाई छ । समाजले यसलाई निरन्तरता दिने अध्यक्ष गुभाजुको भनाई छ ।

# कोरियामा इलामकी सोनु श्रेष्ठको निधन

झापा(प्रस) । इलामको माई नगरपालिका-१ तिलटारकी २० वर्षीया सोनु श्रेष्ठको दक्षिण कोरियामा निधन भएको छ।



अध्ययनको सिलसिलामा ६ महिनाअघि दक्षिण कोरिया गएकी श्रेष्ठको आइतवार निधन भएको हो। दक्षिण कोरियास्थित उल्सान विश्वविद्यालयमा अध्ययनरत श्रेष्ठको आइतबार निधन भएको खबर आफूहरूलाई आएको उनका फुपाजु होम श्रेष्ठले जानकारी दिए। ‘आइतबार निधन भएको भन्दै सोमबार खबर आएको छ,’ श्रेष्ठले भने।

उनका अनुसार हृदयाघातका कारण निधन भएको खबर परिवारसम्म आइपुगेको छ। यद्यपि, के कारणले निधन भएको हो भन्ने अहिलेसम्म खुलेको छैन। इलाम कोरिया जनसम्पर्क मञ्चका अध्यक्ष हरि खनालका अनुसार सोमबार दिउँसो उनको शव पोस्टमार्टम भइसकेको छ। पोस्टमार्टमको रिपोर्ट भने अस्पतालले दूतावासलाई दिइसकेको छैन। उनको शव नेपाल पठाउनका लागि आफूहरूले पहल गरिरहेको पनि खनालले जानकारी दिए।

सोनु ६ महिनाअघि विद्यार्थी भिसामा दक्षिण कोरिया गएकी हुन्। उनका बुवा लिलाकुमार श्रेष्ठ विगत केही वर्षदेखि वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा थिए। मलेसियामा रहेका लिलाकुमारको पनि जेठमा निधन भएको थियो।

# कनकाई पुल निर्माणमा पहल गर्ने आश्वासन

झापा ,भदौ ३ । नेपाल सरकारका मुख्यसचिव लीलादेवी गड्तौलाले झापाको कनकाई पुल, तेह्रथुमको लुम्बुघाट पुल र मध्यपहाडी राजमार्गको ३७ किलोमिटर सडक कालोपत्रेका लागि आफ्नो तर्फबाट पहल गर्ने आश्वासन दिएकी छन् ।



ती विकासका योजना वर्षौंदेखि अलपत्र परेको र निर्माणमा अगुवाई गरिदिन तेह्रथुम सरोकार समाज विराटनगरले आग्रह गरेपछि मुख्यसचिव गड्तौलाले प्रधानमन्त्री केपी शर्मा ओली, विभागीय मन्त्री र सचिवहरुसँग समन्वय गरेर काम अघि बढाउन पहल गर्ने आश्वासन दिएकी हुन् ।

हुलाकी राजमार्गअन्तर्गत झापाको गौरीगञ्ज गाउँपालिकाको चौरी र झापा गाउँपालिकाको सडकबाडी जोड्ने कनकाई माईको पुल निर्माण सुरु भएको दशक बितिसक्दा पनि अलपत्र छ । तेह्रथुम सदरमुकाम म्याङ्लुङ र पाँचथरलाई जोड्ने तमोर नदीको लुम्बुघाटको लुम्बु पुलको अवस्था पनि समान छ।

तेह्रथुमको विकासको मेरुदण्ड मानिएको लुम्बुघाटको पुल निर्माण सुरु भएको लामो समय बितिसक्दा पनि बन्न सकेको छैन । मध्यपहाडी राजमार्गको तेह्रथुम सडकखण्डमा कालोपत्रे भएको छैन । तेह्रथुम निवासी गड्तौला मुख्यसचिव बनेसँगै समाजले ती काममा अग्रसरता लिइदिन अनुरोध गरेको महासचिव उत्तमबहादुर चौलागाईंले बताए ।

मुख्यसचिव गड्तौलाले आफू काठमाडौँ पुग्नासाथ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव सिंहसँग तत्काल वार्ता गरी ती विकास निर्माणलाई प्राथमिकता राख्न आग्रह गर्ने वचन दिएको समाजका महासचिव चौलागाईंको भनाइ छ।

मुलुकको प्रशासनिक क्षेत्रको उच्च ओहोदामा पुग्ने गड्तौलालाई तेह्रथुमको गौरवका रूपमा समाजले सम्मान गरेको छ । समाजले दोस्रो वार्षिकोत्सवको अवसर पारेर गड्तौलालाई सम्मान गरेको हो । मुख्यसचिव गड्तौला कार्यक्रममा प्रमुख अतिथिको भूमिकामा उपस्थित थिइन् ।

समाजले मुख्यसचिव गड्तौलामार्फत प्रधानमन्त्री ओलीलाई सम्मानपत्र पठाएको छ । तेह्रथुममा जन्मेर चौथोपटक मुलुकको प्रधानमन्त्री बन्न सफल भएकोमा ओलीलाई समाजले संस्थागत रूपमा शुभकामनासहित सम्मान गरेको हो ।

समाजले प्रधानमन्त्री ओलीसमक्ष तीन घण्टामा विराटनगर - तेह्रथुम आवतजावत गर्न सकिने सिधा सडकमार्ग निर्माण सम्पन्न गर्न अनुरोध गरेको छ। कार्यक्रममा समाजका कार्यवाहक अध्यक्ष दिपबहादुर खापुङ, डम्वरबहादुर कार्की ,भीम गुरागाईं, महेन्द्र ढुङ्गाना, यज्ञेश्वर निरौला,सुरेसमान श्रेष्ठ, तोया दाहाललगायतले बोलेको थिए ।

कार्यक्रम सम्पन्न गर्न जगन्नाथ अधिकारी, पदम सुवेदी, लीला ढुङ्गेलले विशेष भूमिका निर्वाह गरेको महासचिव चौलागाईंले जानकारी दिए ।

समाजको वार्षिकोत्सवमा मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराई , राजश्व अनुसन्धान कार्यालय इटहरीका प्रमुख खेमराज ओझा, कोशी प्रदेश आन्तरिक मामला मन्त्रालयका उपसचिवद्वय विश्वनाथ बेम्रा र मन्जु खड्का, सहायक प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मी, प्राडा. केशव गड्तौला, डा. धर्म ढकाल सहभागी थिए ।

कार्यक्रममा प्रजिअ भट्टराईले सुनसरी भाण्टाबारीको वेलीवृज जस्ताको तस्तै सार्नसके लुम्बुघाटको समस्या समाधान हुने सुझाव राखेका थिए । तेह्रथुमबाट विराटनगर बसाइँ सरेका , विभिन्न पेसा, व्यवसाय र रोजगारीमा संलग्न व्यक्ति सरोकार समाजमार्फत संगठित छन् ।

# क्याम्पस प्रमुख कार्की सवारी ज्यान मुद्दामा पक्राउ



उर्लाबारी(प्रस) । उर्लाबारी बहुमुखी क्याम्पसका प्रमुख खेमराज कार्की सवारी ज्यान मुद्दामा पक्राउ परेका छन् । गत साउन ३२ गते शुक्रवार दिउँसो करिब ४ बजेतिर मोरङको कानेपोखरी गाउँपालिका-७ मा कार्कीले चलाएको प्र-१-०१-०१६ प ८२३५ नम्बरको मोटरसाइकलबाट लडेर उर्लाबारी-४ की ४२ बर्षिया शर्मिला बोहोरा घाइते भएकी थिइन् ।

घाइते बोहोरालाई स्थानीय प्रहरी र कार्कीको सहयोगमा उपचारका लागि मंगलबारेमा रहेको मदन भण्डारी अस्पताल एण्ड ट्रमा सेन्टर लगिएको थियो । त्यहाँ बोहोरोको उपचार सम्भव नभएपछि थप उपचारका लागि सोही दिन साँझ ७:४० बजे विराटनगरस्थित विराट शिक्षण अस्पताल रिफर गरिएको थियो । बोहोराको सोमवार विहान ४:१५ बजे उपचारका क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय पथरीले जनाएको छ ।

बोहोराको उपचारका क्रममा मृत्यु भएपछि उनको परिवारले सोमवार इलाका प्रहरी कार्यालय पथरीमा किटानी जाहेरी दिएका छन् ।

जाहेरीपश्चात् प्रहरीले ५० वर्षीय कार्कीलाई नियन्त्रणमा दिएर सवारी ज्यान मुद्दा चलाउने तयारी गरेको इलाका प्रहरी कार्यालय पथरीका प्रमुख डीएसपी मोहनविक्रम दाहालले बताए । मृतकका आफन्त सुनिल बोहोराले कार्कीले घटना घटेको ३ दिनसम्म पनि अभिभावकलाई जानकारी नगराई अस्पताल लगेर लापरबाही तरिकाले उपचार गराउँदा मृत्यु भएको आरोप लगाएका छन् ।


## बिर्तामोड नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

### राष्ट्रिय परिचयपत्र विवरण दर्ता समय तालिका बारे अत्यन्त जरूरी सूचना

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने, पेन्सन प्राप्त गर्ने तथा राष्ट्रिय परिचयपत्र विवरण दर्ता गर्न योग्य नगरबासीहरुका लागि तपशिलको मिति, स्थान र समयमा राष्ट्रिय परिचयपत्र दर्ता अभियान सञ्चालन हुने हुदाँ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

| वडा नं. | मिति देखि | मिति सम्म | दर्ता हुने स्थान | सेवा प्रवाह प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ र ६ | २०८१ भदौ ४ गते | २०८१ भदौ ९ गते | नगरपालिका कार्यालय | अनलाइन | आवश्कता अनुसार अर्को सूचना प्रकाशन गर्न सकिनेछ। |
| २ र ७ | २०८१ भदौ १२ गते | २०८१ भदौ १७ गते | नगरपालिका कार्यालय | अनलाइन | |
| ३ र ८ | २०८१ भदौ १८ गते | २०८१ भदौ २१ गते | नगरपालिका कार्यालय | अनलाइन | |
| ४ र ९ | २०८१ भदौ २३ गते | २०८१ भदौ २६ गते | नगरपालिका कार्यालय | अनलाइन | |
| ५ र १० | २०८१ भदौ २७ गते | २०८१ भदौ ३१ गते | नगरपालिका कार्यालय | अनलाइन | |

- समय : कार्यालय समयभित्र (बिदाको दिन दर्ता अभियान बन्द रहेन छ।)
- सामाजिक सुरक्षा भत्ता र पेन्सन प्राप्त गर्नेहरुलाई पहिलो प्राथमिकतामा राखिने छ।

पुनश्च : बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असहाय वा ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको हकमा परिचयपत्रमा विवरण दर्ता नभए पनि सामाजिक सुरक्षा भत्ता लिन बाधा नपर्ने व्यहोरा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०८१।०२।३० गतेको सूचना अनुसार जानकारी गराइन्छ।

आवश्यक कागजातहरु (सबै कागजातहरु सक्कल हुनु पर्ने छ अन्यथा विवरण दर्ता गरिने छैन।)

सक्कल नागरिकता, विवाह भएको हकमा सक्कल विवाह दर्ता, बसाईसराईको हकमा सक्कल बसाईसराई दर्ता, विदुर / एकल महिलाको हकमा सक्कल मृत्यु दर्ता, सक्कल सामाजिक सुरक्षा भत्ता कार्ड, सक्कल पेन्सन पट्टा।

बोधार्थ :
वडा कार्यालय सबै :- प्रचार प्रसार गरिदिनु हुन।
सूचना प्रविधि शाखा :- वेबसाइटमा राखिदिनु हुन।

राधा कृष्ण खतिवडा
प्रमुख प्रशासकिय अधिकृत



## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# थामे बाढीको चेतावनी

प्रकोप पीडाको सिलसिलामै हिमाली जिल्ला सोलुखुम्बुको दुर्गम गाउँ थामे शुक्रबार दुःखको महासागरमै परेको छ । सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका विश्वकै सर्वोच्च शिखर सगरमाथासमेत रहेको पालिका हो । विश्व पर्यटनमै आफूलाई चिनाउने यो गाउँपालिकामा अनेक सुन्दर हिमाली बस्ती छन् । नाम्चे, खुम्बजुङ, थामेलगायतका अनेक सुन्दर बस्ती यस भेगमा अवस्थित छन् । खुम्बु पासाङल्हामु–५ मा पर्ने थामे उच्च हिमाली भेगको सुन्दर बस्तीका रूपमा चिनिन्थ्यो । यो बस्ती केवल गाउँ जस्तो मात्र नभई पर्यटकीय पूर्वाधार भएको बस्तीसमेत थियो । यो बस्तीमा शुक्रबार एक्कासि भेल पहिरो आयो । गाउँकै बिचबाट बग्ने थामेखोलामा एक्कासि आएको भेल पहिरोले क्षणभरमै गाउँलाई स्वाहा बनायो ।

बाढीले खुम्बु पासाङल्हामु–५, थामेका २० घर, होटेल तथा लज, एउटा स्वास्थ्यचौकी र विद्यालय बगाएको छ । यो क्षेत्र ग्रामीण बस्ती भए पनि कतिपय घरलाई होटेल तथा लजका रूपमा विकसित गरिएका थिए । पर्यटकीय सिजनमा ती घर तथा होटेलमा पर्यटकको बाक्लो चहलपहल हुने हुँदा गाउँमा ठुलो पर्यटकीय पूर्वाधार विद्यमान थियो । भेलबाढीले क्षणभरमै क्षति गरेको छ ।

बाढीले दुधकोशी नदीका तटीय क्षेत्र उच्च जोखिममा छन् । बाढी भोटेखोला हुँदै दुधकोशीमा मिसिँदा सोलुखुम्बुको तल्लो क्षेत्रमा पर्ने माप्य–खुम्बु मितेरी पक्की पुलमा समेत क्षति पुगेको छ । बाढीले कोशी आसपासका क्षेत्र कटान गर्दा खुम्बु पासाङल्हामु गाउँपालिका र माप्यदुधकोशी गाउँपालिका जोड्ने दुधकोशी नदीमाथिको पक्की मोटरेबल पुलमा समेत क्षति पुगेको छ । बाढीले गाउँ नै बगाएको स्थानको स्थलगत निरीक्षणमा रक्षामन्त्री मानवीर राईसहित विपत् व्यवस्थापन समितिको टोली शनिबार पुगेर सङ्घीय सरकारको उपस्थिति जनाएको छ । माटोको लेदोसहितको भेलबाढी के कारणले आएको थियो भन्ने यकिन जानकारी शुक्रबार थाहा थिएन तर शुक्रबार मन्त्री राईसहितको टोलीले हवाई निरीक्षण गर्दा थामे गाउँको शिरमा रहेका पाँचमध्ये दुई वटा हिमताल फुटेको देखिएको छ । अन्य दुई वटा ताल अझै जोखिममा छन् । विश्व तापमान क्रमशः बढ्दै गएको अवस्थामा नेपालका धेरै हिमताल पग्लँदै जोखिममा छन् । ती ताल कुनै पनि बेला फुटेर थामे गाउँमा आएको विपत्ति जस्तै हुन सक्छन् । यस्ता जोखिमबाट बच्न नेपालले विश्व समुदायलाई आह्वानका साथै आन्तरिक तवरमा पनि तयारी गर्नुपर्ने छ । कम्तीमा थामेको भेलबाढीले यही सन्देश दिएको छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# श्रमबजारका परिदृश्य



• भरत गौतम

उत्पादकत्व बढाई आर्थिक विकास गर्न श्रमशक्तिको मुख्य भूमिका रहन्छ । उत्पादन क्रियामा श्रमिक सक्रिय साधनसहित उपभोगकर्ता पनि हो । श्रमिक सबल भए आर्थिक पक्षको सबै पाटो सक्रिय हुन्छन् । विश्वमा श्रमिकको बेग्लै पहिचान भएकाले कार्लमार्क्सको दास क्यापिटलमा श्रमिक उत्पादनका महत्वपूर्ण साधन हुन् भन्ने व्याख्या गरिएको पाइन्छ । कम्युनिजमको अवधारणा श्रमिकको भूमिकाबाट आएको हो । आर्थिक रूपान्तरणको बलियो र सक्रिय जीवित साधन श्रमिक भएकाले उत्पादन क्रिया गरी स्वआर्जन गर्न सक्रिय हुन्छन् भने श्रमदातासँगको सहमतिमा उत्पादनमुखी भूमिकामा क्रियाशील भएको पाइन्छ ।

विश्वबजारमा एकातिर प्रविधिको विकाससँगै अत्यधिक अवसर देखिएका छन् भने अर्कातिर चुनौतीका चाङ पनि देखिन्छन् । श्रम गर्ने सम्बन्धमा बङ्गलादेशका प्रधानमन्त्री मुहम्मद युनुसले जागिर खोज्नेभन्दा पनि जागिर सिर्जना गर्नेबारे ध्यान दिन अनुरोध गर्नुभएको छ । उहाँको भनाइको तात्पर्य उद्यमी बन भन्ने हो । नेपालका उद्योगपति विनोद चौधरीले श्रमबजारमा आवश्यक जनशक्ति नपाइने तर सिप र योग्यता कमजोर भएको जनशक्तिका लागि भने भनसुन बढी भएको बताउनुभएको छ । उहाँको भनाइले हाम्रो शिक्षा प्रणाली श्रमबजार प्रेरित हुन सकेन भन्ने हो ।

नेपालको श्रम बजारमा प्रतिवर्ष ५,५०,००० थप श्रमिक आउँछन् । ती श्रमिकमध्ये करिब ४० प्रतिशत वैदेशिक रोजगारीमा जान सक्रिय देखिन्छन् । बाँकी स्वदेशमै उपयोग गर्नु पर्ने दबाब छ । श्रमिकको स्तर हेर्दा अदक्ष श्रमिक धेरै संख्यामा छन् । उनीहरूसँग श्रमबजारमा बिकाउ हुने सिपको अभाव देखिन्छ । प्रायः अदक्ष श्रमिक मौसमी रोजगारीमा सक्रिय हुन्छन् भने आर्थिक उपार्जनको पक्ष कमजोर भएको पाइन्छ । भारतको श्रम बजारमा मौसमी श्रमिकको माग बढी देखिन्छ । खाडी मुलुक र मलेसिया अदक्ष श्रमिकको श्रम गन्तव्य हो । अवैधानिक तवरले आर्थिक अवसर खोज्न जाने भिडमा पनि अदक्ष श्रमिकको संख्या बढी नै देखिन्छ ।
श्रमबजारमा मोलमोलाइले कमजोर अवस्थाका कारण श्रमिकको ज्याला र सुविधा पर्याप्त भएको पाइँदैन । 'थ्री डी' (कठिन, फोहोर र खतरनाक) काम गर्नु पर्दा मृत्युदर पनि उच्च नै रहेको छ । अदक्ष श्रमिकको माग पक्ष कमजोर छ भने आपूर्ति पक्ष अधिक छ । वैदेशिक रोजगारीमा धकेल्ने सिद्धान्त प्रेरित हुने हुँदा अदक्ष श्रमिकको छनोटदेखि काम सुरु गर्दासम्मका अवरोध धेरै छन् । विद्यालय शिक्षा र तालिम अदक्ष श्रमिकको सिप अभिवृद्धि गर्न अनुकूल भएनन् भन्ने गुनासो छ ।

अदक्ष श्रमिकको दक्षता अभिवृद्धि गर्न राज्यले प्रभावकारी काम गर्नु पर्छ । संघ र प्रदेश सरकारको सहयोगमा स्थानीय सरकारले श्रमिकको अभिलेख राख्ने र विद्यालय शिक्षा तथा तालिम श्रमबजार प्रेरित बनाउनु पर्छ । अनि स्थानीय श्रमबजार र वैदेशिक श्रमिक मागका आधारमा व्यावसायिक र रोजगारमूलक सिप सिकाएर श्रमबजारमा तुरुन्तै बिकाउ हुने बनाउनु पर्छ । वैदेशिक रोजगारीमा पनि अदक्ष श्रमिक बढी शोषणमा रहेको गुनासो रहेकाले त्यस्ता विकृति अन्त्य गर्न श्रम कूटनीति र प्रशासन प्रभावकारी बनाउन आवश्यक छ । अदक्ष श्रमिकको अरू श्रमिकभन्दा 'थ्री डी' मा काम गर्नु पर्दा मृत्युदर बढी भएकाले श्रम सुरक्षामा ध्यान दिन जरुरी देखिन्छ । श्रमिकको माग पक्ष बलियो बनाई दक्ष र योग्य भएपछि धकेल्ने होइन कि आउ भन्ने सिद्धान्तबाट प्रेरित गरी विदेशमा श्रम आपूर्ति गर्नु पर्छ । श्रम व्यवस्थापनमा आन्तरिक श्रमबजारको मागमा प्रतिकूलता हुने गरी काम गर्नुहुँदैन ।

सामान्य सिप र योग्यता भएको विद्यालय शिक्षा र सामान्य सिप विकासको तालिम प्राप्त तथा कार्य अनुभवबाट श्रमिक अर्धदक्ष भएको बताइन्छ । अर्धदक्ष श्रमिकले सिप अनुसार काम गर्ने अवसर पाएमा दक्ष हुन सक्छ । विश्वविद्यालय शिक्षा प्राप्त कमजोर योग्यता भएको मानिसलाई पनि अर्धदक्ष श्रमिकका रूपमा राखेको पाइन्छ । निर्माण, होटल, कृषि, उद्योग जस्ता व्यवसायमा सामान्य सिप भएका जनशक्तिलाई अर्धदक्षमा लिइन्छ । अर्धदक्ष जनशक्तिको माग पक्ष अदक्षकोभन्दा बढी हुन्छ भने ज्याला र सुविधामा मोलमोलाइ गर्न सक्छन् । वैदेशिक रोजगारीमा धकेल्ने र तान्ने दुवै सिद्धान्त प्रेरित भएको पाइन्छ । वैदेशिक रोजागरीका अवसरमा अदक्षकै गन्तव्यमा अर्धदक्ष श्रमिकको आकर्षण देखिन्छ । काममा लगाव, अनुभव र सिप कौशल बढी भएका अर्धदक्ष श्रमिकको विश्व श्रमबजारमा माग हुने देखिन्छ ।

अर्धदक्ष श्रमिकका लागि संघ सरकारको सहयोगमा प्रदेश सरकारले समयसापेक्ष शिक्षा र तालिमका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । वैदेशिक रोजगारीमा जान अनिवार्य अर्धदक्ष वा दक्ष भएको प्रमाणित गरेर पठाउने व्यवस्थामा ध्यान जानु पर्छ । शारीरिक अवस्था र रुचि अनुसार अदक्ष श्रमिकलाई अर्धदक्ष बनाउन विद्यालय शिक्षा र प्रभावकारी तालिम दिई श्रमको उत्पादन बढाउन सके आर्थिक योगदान बढोत्तरी गर्न सकिन्छ । अर्धदक्ष श्रमिक कामका लागि तयार भएको जनशक्ति हो । त्यसैले सिप प्राप्त हुनासाथ श्रमबजारमा माग र आपूर्तिको सम्बोधन गर्न सूचना प्रवाह गरी अर्धदक्ष श्रमिकको उपयोग गर्न ध्यान दिन आवश्यक छ ।

सिपयुक्त सक्षम, योग्य र कामको अनुभवी व्यक्ति दक्ष कामदारका रूपमा लिइन्छ । विद्यालय र विश्वविद्यालय शिक्षा प्राप्त सिपमूलक तालिम लिएका आफ्नो कार्यक्षेत्रमा निपुण व्यक्तिको उत्पादकत्व पनि बढी हुन्छ । श्रमबजारमा माग पक्ष बलियो भएका कारण ज्याला र सुविधाको मोलमोलाइ श्रमिकको पक्षमा रहने आफ्नै बलबुताले अन्तर्राष्ट्रिय क्षेत्रमा कामका लागि तान्ने सिद्धान्त प्रेरित हुन्छ । दक्ष श्रमिकलाई तलब र सुविधासहित कामले खोजेको हुन्छ । व्यावसायिक र सिपपमूलक योग्यताका आधारमा कार्य क्षेत्रमा दक्षले नेतृत्व लिने अर्धदक्ष र अदक्षलाई पनि परिचालित गरेको हुन्छ । श्रमिकलाई दक्ष बनाई उत्पादकत्व र उत्पादनबिच सौहार्दता हुनु पर्छ । दक्ष श्रमिकले श्रम बजार गतिशील बनाई उत्पादनलाई गति दिन रणनीतिक कार्यदिशा आवश्यक छ ।

दक्ष जनशक्तिको स्वदेशमै उपयोग गर्न लगानी बढाउने, वैदेशिक लगानी आकर्षित गर्ने र अन्तर्राष्ट्रिय श्रम बजारमा सुखद अवस्थाका लागि आर्थिक कूटनीति प्रभावकारी बनाउनुपर्ने हुन्छ । अहिले नेपालका दक्ष जनशक्ति विदेश पलायनले आन्तरिक श्रम बजारमा प्रतिकूलता हुने अनुमान गर्न थालिएको छ । विशेषतः विदेशमा अध्ययन गर्न जाने र अध्ययनपछि स्वदेशमा नफर्कने युवाशक्तिको विषयमा चर्चा हुने गरको छ । काम गर्ने उमेरका राष्ट्रिय स्रोत पलायनले आर्थिक क्रियाशीलतामा अवरोध हुन सक्ने हुँदा जनशकित उपयोगका आकर्षक रणनीतिक योजनासहित जनशक्तिको विकास र व्यवस्थापनमा जोड दिनु पर्छ । दक्ष श्रमिक विश्वबजारका आकर्षक जनशक्ति भएकाले स्वदेशमै श्रम उपयोग गर्ने रणनीतिसहितको मार्गचित्र बनाई अघि बढ्न आवश्यक छ ।
दक्ष जनशक्तिको माथिल्लो श्रेणीमा व्यवस्थापक, कार्यकारी प्रमुख, नेतृत्व तह एवं विषय विज्ञको समूह पर्छन् । यो समूहले सम्पूर्ण तहका श्रमिकको श्रम जिम्मेवारी, कार्य विभाजन र समयतालिका र अन्य स्रोतसँगको संयोजनलगायत व्यवस्थापन गर्छ । समग्रमा श्रमिकलाई दक्ष बनाउने उत्पादकत्व बढाउने, श्रमिक उपयोग गर्न लगानी आकर्षित गर्ने विषयमा सक्रियताको खाँचो छ । नेपालमा आन्तरिक अवसर वृद्धि र आकर्षण बढाउन नसक्दा जनशक्ति टिकाउन सकिएन, सबैको विदेश मोह भयो भनिन्छ । हुन पनि युवाशक्ति पलायनले राष्ट्रिय आवश्यकता कमजोर हुन्छ । यही कुरो अनुमान गर्न थालिएको छ । श्रम शक्तिको उपयोग गर्न लगानी बढाउने, वैदेशिक लगानी बढाई दक्ष जनशक्ति र उत्पादकत्व बढाउन जोड दिने, श्रम कूटनीति र श्रम व्यवस्थापनमा सुधार गर्ने, सिपयुक्त श्रमिक मात्र वैदेशिक रोजगारीमा पठाउने, वैदेशिक रोजगारीमा महिला श्रमलाई व्यवस्थित र सम्मानजनक बनाउने रणनीति बनाउन जरुरी छ । बालश्रम निर्मूल गर्ने, स्वदेशको अवसर बिर्सेर अवैध तरिकाले बिदेसिन खाज्ने कार्य निरुत्साहित गर्ने, आन्तरिक श्रमबजारलाई प्रभावकारी बनाउने, श्रमिक सुरक्षामा ध्यान दिने, श्रमिक सङ्गठनलाई उत्पादकत्व वृद्धिमा प्रेरित गर्ने अभियानमा प्रोत्साहित गर्नु पर्छ । अवैध श्रमको प्रभावलाई निरुत्साहित गर्ने, अदक्ष श्रमिकलाई अर्धदक्ष र दक्ष बनाई उत्पादन क्षेत्रमा सक्रिय पार्ने जस्ता विषयमा रणनीतिक सुधारको खाँचो छ ।

# संक्रमणकालीन न्यायमा फड्को



• शिव लम्साल

लामो समयदेखि थाती रहेको शान्ति प्रक्रियाको एउटा महत्वपूर्ण अभिभारा देशका प्रमुख दलहरूले सहमतिका साथ पूरा गरेका छन् । दलहरूबिच मतैक्यता हुन नसक्दा अलपत्र जस्तै भएको सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी) संसद्बाट पारित भएको छ । यसले दिगो शान्ति पक्षधर सबैमा उत्साह बढाएको छ भने द्वन्द्वपीडितमा न्यायको आशा जागृत भएको छ । यसबाट द्वन्द्वमा मारिएका, बेपत्ता पारिएका, अङ्गभङ्ग भएका मात्र होइन, आफन्त, घर र धनसम्पत्ति हरण भएकाले न्याय पाउने सम्भावना बढेको छ ।
१० वर्ष लामो सशस्त्र द्वन्द्वको शान्तिपूर्ण रूपान्तरण अभियान अन्तर्गत नेपाली कांग्रेसका तत्कालीन सभापति एवं प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र विद्रोही नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बिच ऐतिहासिक हस्ताक्षरका साथ विस्तृत शान्ति सम्झौता भएको दुई दशकपछि सङ्क्रमणकालीन न्याय निरूपणको महत्वपूर्ण प्रक्रिया पूरा भएको हो । विस्तृत शान्ति सम्झौताका एक हस्ताक्षरकर्ता गिरिजाप्रसाद कोइराला अहिले यो लोकमा नभए पनि टिआरसी विधेयक पारित हुनु भनेको उहाँप्रतिको सच्चा श्रद्धाञ्जली पनि हो ।

१२ बुँदे समझदारीदेखि विस्तृत शान्ति सम्झौता, सेना समायोजन, संविधान सभा निर्वाचनसम्म शान्ति प्रक्रियाका महत्वपूर्ण कामको नेतृत्व गर्नुभएका कोइरालाको जीवनको उत्तरार्धमा एउटै सपना थियो, द्वन्द्वपीडित न्याय पाउनबाट वञ्चित नहोऊन् । टिआरसी विधेयक पारित भएपछि उहाँको सपनाले पनि साकार रूप लिने सम्भावना बढेको छ ।

सङ्क्रमणकालीन न्यायका हकमा विद्रोही माओवादी पक्षले विगतमा केही अनुदारता प्रदर्शन गरेकै हो । सशस्त्र द्वन्द्वका क्रममा राज्य र विद्रोही दुवै पक्षबाट निर्दोषमाथि ज्यादती भएका अनेकौँ उदाहरण होलान् । यसमा पनि विद्रोही माओवादी पक्षबाटै बढी मात्रामा अन्याय भएको देखिन्छ । यही कारण माओवादीले शान्ति प्रक्रिया अघि बढाउनका खातिर एउटा सर्तमा सदा अडान लिइरह्यो । ऊ चाहन्थ्यो, आममाफी होस् ।
बृहत् शान्ति सम्झौता भएको आठ वर्षपछि सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन जारी भयो । यो ऐनमा 'गम्भीर मानव अधिकार उल्लङ्घनका दोषीलाई आममाफी दिने' प्रावधान राखियो । हाम्रो शान्ति प्रक्रियालाई स्वदेश र विदेशका मानव अधिकारकर्मी र नागरिकको बाँच्न पाउने मौलिक हकका पक्षधर जनसमुदायले पनि नजिकबाटै नियालिरहेको थियो । द्वन्द्वका नाममा गम्भीर मानव अधिकार उल्लङ्घनका दोषीलाई आममाफी दिन नहुने आवाज चारैतिरबाट व्यापक मात्रामा उठ्यो ।

यही विवादका कारण टिआरसी विधेयक केही समय अलमलमै रह्यो । सर्वोच्च अदालतले ऐनको सो व्यवस्थामा संशोधन गर्न आदेश दियो । सर्वोच्चको आदेशपछि टिआरसी ऐन, २०७१ लाई संशोधन गर्न विधेयक तयार भयो तर यसमा पनि कचिङ्गल कायमै रह्यो । दलहरूबिच मतैक्यता हुन सकिरहेको थिएन ।

२०८० असोज २३ मा टिआरसी विधेयक (बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन) को संशोधन विधेयकउपर सहमति जुटाउन गठन भएको उपसमितिले प्रस्तुत गरेको प्रतिवेदनमा पनि केही विषयलाई थाती नै राखिएको थियो । २०८० जेठ ५ मा संसद्को कानुन, न्याय, तथा मानव अधिकार समितिले गठन गरेको उपसमितिले प्रस्तुत गरेको प्रतिवेदनमा 'स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक गरिएको हत्या' र 'दोहोरो भिडन्तबाहेक गरिएको हत्या' मध्ये कुन पङ्क्ति समावेश गर्ने भन्ने कुरा टुङ्ग्याउन नसकिएको उल्लेख थियो । यसै गरी मानव अधिकारका घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने भन्ने स्पष्ट भइसकेको थिएन ।
पछिल्ला दिनमा विशेष गरी टिआरसी विधेयकबारे प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का शीर्ष नेताबिच घनीभूत छलफल भएको देखिन्छ । बितेका एक वर्षमा प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बिच यो विधेयकबारे पटक पटक त्रिपक्षीय छलफल भएको छ ।

प्रचण्ड प्रधानमन्त्री हुँदा टिआरसी विधेयक जसरी पनि पास गर्नैपर्ने हुटहुटी उहाँमा देखिन्थ्यो । भूकम्प, बाढी या देशका अन्य जल्दाबल्दा समस्यामा तीन शीर्ष नेताबिच भेट हुँदा पनि दाहाल टिआरसी विधेयककै कुरा उठाइरहनुहुन्थ्यो तर देउवा र ओली चाहिँ सङ्क्रमणकालीन न्याय निरूपणको विषय भएकाले हचुवाका भरमा संशोधन विधेयक पारित नगर्ने पक्षमा हुनुहुन्थ्यो र यसलाई पीडितमैत्री बनाउनुपर्ने उहाँहरूको जोड थियो ।

नेपाली कांग्रेस र नेकपा (एमाले) को गठबन्धनमा सरकार गठन भएपछि माओवादी पक्षलाई लागेको हुँदो हो, सरकारले टिआरसी विधेयकलाई बेवास्ता गर्ला भनेर तर सत्य निरूपण र पीडितलाई न्यायको मुद्दामा सरकारले आफू गम्भीर र संवेदनशील भएको प्रमाणित गरेर देखायो । प्रतिपक्षीलाई पनि चकित पार्ने गरी सङ्क्रमणकालीन न्याय निरूपणका विषयमा दलहरूबिच सहमति कायम भयो र संसद्बाट विधेयक पारित पनि भयो । दलहरूबिच सत्ताको छिनाझपटी, विभिन्न मुद्दामा विमति, कटु आलोचना र कटाक्षको सिलसिला जारी रहे पनि देशको मुख्य एजेन्डामा उहाँहरू सहमतिका साथ अघि बढ्नुहुन्छ भन्ने पनि यसबाट स्पष्ट भएको छ । यसले शान्ति प्रक्रियाका आगामी कदम सहज हुने आशा पलाएको छ ।
नेपालमा आजसम्म अनेक आन्दोलन, विद्रोह, कान्डहरू भए । चाहे त्यो कोतपर्व र भण्डारखालपर्व होस्, चाहे चार सहिदको हत्या होस् । २००७ सालको क्रान्ति, २०१७ सालको शाही 'कु' देखि २०४६ साल र २०६२/६३ को जनआन्दोलन र १० वर्षे सशस्त्र विद्रोहसम्म हजारौँ नेपालीको ज्यान गएको छ । सयौँ अङ्गभङ्ग भएका छन्, सयौँ बेपत्ता । टुहुराटुहुरी र विधवा/विधुर हुनेको त गणना नै छैन ।

यस्ता आन्दोलन या विद्रोहको समापनपछि एउटा वर्ग काठमाडौँमा प्रवेश गर्छ । क्रान्ति या विद्रोहको ब्याज खाँदै सो वर्गको आर्थिक उन्नति पनि हुन्छ तर यस्ता आन्दोलन र विद्रोहबाट अनाहकमा प्रत्यक्ष पीडित मानिसले न्याय पाइरहेका हुँदैनन् । उनीहरू न्यायको अभावमा भित्रभित्रै आक्रोश ओकलिरहेका हुन्छन् । अन्याय गर्ने अनुहार सुट र बुटमा ठाँटिएर गाडीमा कतै गइरहेको हुन सक्छ तर पीडित भने त्यतै कतै फुटपाथमा आफ्नो पुर्पुरो ठोक्दै रुँदै हिँडिरहेको हुन्छ । १० वर्षे सशस्त्र द्वन्द्वपछि धेरै पीडितहरूले न्याय पाएनन् । उनीहरूको अवस्था कुन हदसम्म कहालीलाग्दो हुन्छ भन्ने कुरा नन्दराम अधिकारी दम्पतीलाई हेर्दा स्पष्ट हुन्छ । अतः टिआरसी विधेयकको स्वागत गर्दागर्दै एउटा आग्रह गर्नै पर्छ, यो विधेयक कार्यान्वयनमा आउँदा यो सकेसम्म बढी पीडितमैत्री हुनु पर्छ । कानुनको कुनै चोर दुलो समातेर जघन्य युद्ध अपराधीहरू, मानव अधिकारका गम्भीर उल्लङ्घनकर्ता, पिकनिक गइरहेका अबोध विद्यार्थीको बसमा बम विस्फोट गर्नेहरू, किरिया बसिरहेका शिक्षकको हत्या गर्ने अपराधी कुनै पनि हालतमा उम्कन नपाऊन् भन्नेतर्फ सरकार सजग हुनै पर्छ । घुमाइफिराई सत्य निरूपण र मेलमिलापका नाममा आममाफी दिने दिशामा सङ्क्रमणकालीन न्याय प्रक्रियाकेन्द्रित भएमा यसबाट पीडित थप पीडित हुने छन् ।
अहिले नेपाली कांग्रेस र एमालेको बलियो सरकार छ । दुवै दल १० बर्से सशस्त्र द्वन्द्वका साक्षी र भुक्तभोगी मात्र होइन, शान्ति प्रक्रियाका पनि अगुवा हुन् । यी दुई दलको पहलमै माओवादी शान्तिपूर्ण रूपान्तरणका लागि तयार भएको हो । अतः सङ्क्रमणकालीन न्यायको विषयलाई सदाका लागि निरूपण गर्दै अब कहिल्यै शान्तिभूमि नेपालमा हिंसात्मक विद्रोहको दुष्चक्र देख्न नपर्ने अवस्था निर्माण गर्ने मुख्य दायित्व पनि यिनै दलहरूको हो ।

प्रतिपक्षी तथा उतिबेलाको विद्रोही शक्ति माओवादीले पनि शान्ति प्रक्रियामा आइसकेपछि विगतमा आफूबाट भएका गल्ती, कमजोरी र अपराध आत्मसात् गर्दै न्याय निरूपणलाई सघाउनु पर्छ । तीन दशकअघि प्रारम्भ भएको सशस्त्र विद्रोहको कलङ्क सदा बोकेर हिँड्नुको साटो माओवादीले पनि आफूलाई निर्झर र परिशुद्ध बनाउनु पर्छ । माओवादीले विगतका अवगालबाट मुक्ति पाउने कसी पनि टिआरसी विधेयक नै हो । यो विधेयकको अग्नि परीक्षामा खरो उत्रन सकेमा माओवादी पनि एउटा शान्तिपूर्ण दलका रूपमा परिशुद्ध हुने छ र जनतामा यो दलप्रति अझ बढी विश्वास बढ्ने छ ।
अब सबै पक्ष मिलेर टिआरसी विधेयकलाई पीडितमैत्री भावका साथ लागु गर्ने र अन्यायमा परेकालाई बढीभन्दा बढी न्याय दिलाउने दिशामै अग्रसर हुनु पर्छ । कसैले पनि नियत बाङ्गो राखेर उम्कने धृष्टता नगरून्, शान्ति प्रक्रियालाई सार्थक टुङ्गोमा पुर्‍याउन हातेमालो गरून् ।

# एक वर्षमा ५० हजार नेपाली गए युरोप




झापा(प्रस) ।वैदेशिक रोजगारीका लागि एक वर्षमा ५० हजारभन्दा बढी नेपाली युरोपका विभिन्न देशमा गएका छन् ।
आर्थिक वर्ष २०८०/०८१ मा व्यक्तिगत तथा संस्थागत श्रम स्वीकृति लिएर ५० हजार ७४९ जना नेपाली युरोपका विभिन्न देश गएका हुन् ।
वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार युरोपियन युनियनमा आबद्ध २८ वटै देशमा नेपालीहरू श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीका लागि गएका छन् ।
क्रोएसिया, साईप्रस, माल्टा र रोमानियामा संस्थागत (मेनपावरमार्फत) समेत गएका छन् । ती बाहेकका देशमा व्यक्तिगत श्रम स्वीकृति लिएर गएका हुन् ।
३३ हजार ६४७ जनाले पहिलो पटक श्रम स्वीकृति लिएर युरोप गएका छन् । जसमा २६ हजार ६८० जना पुरुष ६ हजार ९६७ जना महिला रहेका छन् भने १७ हजार १०२ जनाले पुनः श्रम स्वीकृति लिएका छन् ।
विगत केही वर्षयता रोजगारीका लागि युरोप जाने नेपालीहरूको संख्या बढ्दो छ । हरेक वर्ष यो संख्या बढ्दो क्रममा छ । विशेषगरी युरोपका क्रोएसिया, साईप्रस, माल्टा, पोल्याण्ड, रोमानिया लगायतका देशमा भने नेपालीहरूको आकर्षण निकै बढी छ ।

# डीडीसीले दुधको रकम भुक्तानी दिन सकेन




झापा(प्रस) ।कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले २५ करोड रुपैयाँ सहुलियत रकम दिँदापनि दुग्ध विकास संस्थान (डीडीसी) ले किसानको दूधको रकम भुक्तानी गर्न नसकेको बताएका छन् ।
मंगलबार मन्त्री अधिकारीले डीडीसीलाई मन्त्रालयले २५ करोड रुपैयाँ दिँदा पनि अझै पनि साढे एक करोड रुपैयाँ भुक्तानी गर्न नसकेको बताएका हुन् ।
डीडीसीले किसानबाट ६५ रुपैयाँ प्रतिलिटर दूध खरिद गरेर १३० रुपैयाँ बढी रकम बेच्ने, सोही दूधबाट मक्खन पनि निकाल्ने तर दूध उधारोमा खरिद गरेको उनले उल्लेख गरे । साथै डीडीसीसँग २५ करोड रुपैयाँ बराबर दुग्धजन्य पदार्थ (मक्खन, पाउडर) मौज्दात रहेको बताए ।
यस्तै, कृषि बिमा भुक्तानी रकमका लागि अर्थ मन्त्रालयसँग सहमति हुन नसकेको उनले बताएका छन् । अधिकारीले दसैंभित्र रकम भुक्तानी नदिए आन्दोलन गर्ने उखु किसानले चेतावनी दिइसकेको बताए ।
मन्त्रालयबाट केही वर्षमा अनुदानका नाममा अर्बौं रकम बाहिरिएको भन्दै उनले सो रकम सही ठाउँमा लगानी भए-नभएको खोजी गर्न निर्देशन दिइएको बताए ।

# विपद्मा परी १ सय ९३ को मृत्यु



झापा(प्रस) । अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी मंगलबार दिउँसोसम्म एक सय ९३ जनाको मृत्यु भएको छ ।
बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौँ उपत्यकामा तीन, कोशी प्रदेशमा २७, मधेस प्रदेशमा आठ, वाग्मती प्रदेशमा ३४, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३७, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १५ गरी एक सय ९३ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए । उनका अनुसार काठमाडौँ उपत्यकामा ११, कोशी प्रदेशमा ३८, मधेस प्रदेशमा १२, वाग्मती प्रदेशमा २४, गण्डकी प्रदेशमा ४७, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा ५७ र सुदूरपश्चिम प्रदेशमा ३४ गरी दुई सय ४१ जना घाइते भएका छन् ।बाढी, पहिरोका कारण काठमाडौँ उपत्यकामा २८, कोशी प्रदेशमा ४९, बागमती प्रदेशमा १२, गण्डकी प्रदेशमा १४, लुम्बिनी प्रदेशमा चार, कर्णाली प्रदेशमा दुई र सुदूरपश्चिम प्रदेशमा पाँच गरी एक सय १४ जनाको उद्धार गरिएको प्रवक्ता कार्कीले बताए ।
उनले भने, 'बाढी पहिरोमा परी कोशी प्रदेशमा दुई, मधेस प्रदेशमा एक, बागमती प्रदेशमा ४१, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी ४९ जना बेपत्ता भएका छन् ।'बाढीको कारण मंगलवार दिउँसोसम्म जम्मा तीन सय ८४ घर डुबानमा परेका छन् । बाढी पहिरोले तीन सय ३३ वटा घर, एक सय १६ वटा गोठ, ५१ वटा पुल, चार वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुऱ्याएको प्रहरीले जनाएको छ ।
विपद्मा परी आठ सय ७० वटा पशु चौपाया मरेका छन् । उक्त अवधिमा विपद्का घटनाबाट चार हजार आठ सय ४२ घर परिवार विस्थापित भएका प्रवक्ता कार्कीले बताए ।

# धानमा गवारो र डढुवा प्रकोप



झापा(प्रस) । झापाको कमल गाउँपालिकामा धानमा गवारो र डढुवाको प्रकोप देखिन थालेको छ । धान नफस्टाएपछि किसानहरुले धानको गाँज उखेलेर ल्याएर वडा कार्यालय तथा पालिकाको कृषि शाखामा देखाएर रोगको पहिचान र उपचारको बारेमा चासो राख्ने गरेका छन् ।
कमल गाउँपालिका वडा नं. ६ की कृषि प्राविधिक बबि कोइरालाका अनुसार धानमा गवारो र डढुवा धेरैमात्रामा देखिएको छ । यसका साथै माटोमा जिङ र पोटासको मात्रा कर्मीले धानको गाँज नफस्टाउने समस्या पनि देखिएको उनले जनाइन् । 'धान नफस्टाएपछि किसानहरु आएर समस्या सामधानको उपाय बताइदिन भन्ने गरेका छन्,' कोइरालाले भनिन् ।
गाँज बढिरहेको बेलामा धानबालीमा गवारो र डढुवा बढेपछि पालिकाको कृषि शाखा र वडा कार्यालयमार्फत आवश्यक पर्ने परामर्शसहित औषधी एवम् बिषादी उपलब्ध गराइने गरेको कोइरालाले जानकारी दिइन् । समयमा गवारो र डढुवा नियन्त्रणमा नलिँदा धान उत्पादन घट्ने अवस्था आउछ ।
अधिकमात्रामा बिषादी र रासायनिक मलका कारण माटोमा जिङ र पोटासको कमी भएर धान फस्टाउन नसकेको पनि भेटिएको कृषि प्राविधिकहरुले बताएका छन् ।

# ७४ जिल्लामा फैलियो डेंगु

झापा(प्रस) । देशका ७४ जिल्लामा डेंगु सङ्क्रमण फैलिएको छ । स्वास्थ्य सेवा विभाग अन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का अनुसार ७७ जिल्ला मध्ये ७४ जिल्लामा डेंगु सङ्क्रमण फैलिएको हो ।
देशभर ४ हजार ९७ डेंगु सङ्क्रमित भएका छन् । तनहुँमा सबैभन्दा बढी ७८१ जनामा डेंगु सङ्क्रमित देखिएको छ । मुस्ताङ , हुम्ला र जुम्ला बाहेक सबै जिल्लामा डेंगु सङ्क्रमण फैलिएको छ।

# हैजा संक्रमितको संख्या ५८ पुग्यो

झापा(प्रस) । नेपालमा हैजा सङ्क्रमितको संख्या ५८ जना पुगेको छ । विभिन्न जिल्लामा सङ्क्रमित थपिएसँगै देशभर हैजा सङ्क्रमित संख्या ५८ पुगेको हो ।
स्वास्थ्य सेवा विभाग अन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) शाखाका अनुसार ललितपुरमा मात्र ४१ जना हैजा सङ्क्रमित छन् ।
यस्तै, कैलालीमा ८ जना, काठमाडौँमा ७ जना र प्युठानका २ जनालाई हैजाको सङ्क्रमण पुष्टि भएको ईडीसीडीले जनाएको छ । हैजा सङ्क्रमित ५८ जनामध्ये ५६ जना निको भइसकेका छन् ।बर्खायाममा खानेपानीसँग दूषित पानी मिसिने सम्भावना हुन्छ ।
पानीकै कारण खानेकुरा दूषित हुने भएकाले यसले हैजासहित पानीजन्य रोग फैलिने जोखिम हुन्छ ।
त्यसैले यो मौसममा खानेपानीको शुद्धतामा ध्यान दिन आग्रह गरिएको छ ।

# मेची भन्सारको राजस्व वृद्धि

झापा(प्रस) । मेची भन्सार कार्यालयले चालु आर्थिक वर्षको पहिलो महिना साउनमा रु एक अर्ब २९ करोड पाँच लाख ३९ हजार राजस्व सङ्कलन गरेको छ । गत आव २०८०/८१ को सोही अवधिको तुलनामा यो १५ दशमलव ९३ प्रतिशतले बढी हो ।
मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना अधिकारी गणपति कँडेलका अनुसार गत आवको साउनमा रु एक अर्ब ११ करोड ३२ लाख ३१ हजार राजस्व सङ्कलन भएको थियो । "मेची भन्सारबाट आयात १४ दशमलव ५४ प्रतिशतले बढ्दा निर्यात भने ३३ दशमलव ९८ प्रतिशतले घटेको छ", उनले भने, "चालु आवको साउनमा रु तीन अर्ब ८९ करोड १० लाख ५८ हजार बराबरको मालबस्तु आयात हुँदा एक अर्ब ८० करोड ८२ लाख ९९ हजारको निर्यात भएको छ ।"
मेची भन्सार कार्यालयको तथ्याङ्क अनुसार चिया, प्लाइड, भेनियर सिट, मोलासिसको निर्यात क्रमशः. ३८ दशमलव ०८, ४३ दशमलव ४९, पाँच सय तीन दशमलव ९७ र सत प्रतिशतले बढ्दा अलैंची ८३ दशमलव २८, अदुवा आठ दशमलव ८६, अम्रिसो २१ दशमलव ८८, छुर्पी ७८ दशमलव ७८ प्रतिशतले घटेको छ ।
त्यसैगरी आयाततर्फ पेट्रोल चार दशमलव ५८, डिजेल ११ दशमलव ८८, फलफूल ३८ दशमलव ४७ प्रतिशतले कमी आउँदा जुट १३ दशमलव ४६, एलपी ग्याँस २७ दशमलव ३७, जिप्सम ६७ दशमलव ९५, मेसिनरी तथा पार्टपुर्जा ९६ दशमलव ५८, दलहन ६८ दशमलव ४९ र तरकारी एक सय ७७ दशमलव ६३ प्रतिशतले आयात वृद्धि भएको भन्सार कार्यालयले जनाएको छ ।

## यसकारण...

प्रहार गर्नुभयो र भुइँमा लडाउन भयो । भुइँमा ढलेकी ममीलाई फेरि बाबाले खुर्पाले काट्नुभयो । र रक्ताम्य बनाउनुभयो ।
अधिकारी परिवारको अंश सम्बन्धीको विवाद केही वर्षदेखि चुलिँदै आएको थियो। पटकपटक गाउँलेले बसेर समाधान गर्ने प्रयास गरेका थिए । तर दीर्घकालीन समाधान हुन सकेन । अघिल्लो दिन समाजका अगाडि हुन्छ भनेको कुरा भोलिपल्ट छविलालले हुँदैन भन्ने गरेका थिए। यसै कारणले परिवारमा कलह सुरु भएको स्थानीयबासी बताउँछन्। मृतकका १२ वर्षीय छोरा संस्कृत विद्यालयमा पढ्ने विद्यार्थी हुन् । घरको आर्थिक अवस्था नाजुक भएका कारण उनले बीचमै पढाइ छोड्नुपर्यो।

# कृषि अनुदान लगेर काम नगर्नेको सूची सार्वजनिक गरिने

झापा(प्रस) । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कृषि मन्त्रालयबाट ठूलो मात्रामा अनुदान लगेर काम नगर्नेहरूको सूची सार्वजनिक गर्ने बताएका छन्।
मन्त्रालयमा मंगलवार सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने, 'कृषि मन्त्रालयले पछिल्लो पाँच/सात वर्षमा अर्बौं रुपैयाँ अनुदान दिएको रहेछ। सबै विवरण सार्वजनिक गर्नुपर्छ भनिसकेको छु। केही दिनमा यो पनि सार्वजनिक हुन्छ।'
आफूले मन्त्रालय सम्हाल्दा कर्मचारी आन्दोलनदेखिका यावत समस्या रहेको चर्चा गर्दै उनले दुग्ध किसानको वक्यौतादेखि उखु किसानको पैसा दिने गरी काम गरिरहेको बताए।
मन्त्री अधिकारीले आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि २५ करोड दुग्ध किसानको हातमा गइसकेको जानकारी दिए।
डेढ अर्ब रुपैयाँ किसानलाई तिर्न बाँकी रहेको जनाउँदै उनले भने, 'बाँकी रकम पनि निकासका लागि प्रयास भइरहेको छ। उखु किसानलाई गत वर्षको भुक्तानी दिन नसक्ने हो भने दसैंको बेलामा जुलुस निस्कँदैछ। त्यो पनि जानकारी छ। रकम निकासका लागि प्रयास गरिरहेको छु।' मन्त्री अधिकारीले कृषि मन्त्रालय र असली किसानको बीचमा ठूलो खाडल रहेको र त्यसलाई कसरी पुर्ने भनेर आफू लागिपरेको बताए।
फरक प्रसंगमा उनले राजनीतिक दलप्रति जनताको वितृष्णा रहेको स्वीकार्दै नेपाली कांग्रेस र नेकपा (एमाले) को वर्तमान गठबन्धनले जनतामा उत्साह जगाउने गरी काम गर्नुपर्ने र गर्ने बताए।
'राज्यप्रति जनताको भरोसा टुटेको छ, त्यसमा उत्साह जगाउन सबैले भूमिका खेल्नुपर्ने छ', उनले भने, 'जिम्मेवारीबाट भाग्न सकिने अवस्था छैन। भागिदैन।' आफूबाट कुनै गल्ती गरे र भए सञ्चारमाध्यम र सञ्चारकर्मीले औंल्याइदिन आग्रह गर्दै मन्त्री अधिकारीले त्यसलाई आफूले सकारात्मक रुपमा ग्रहण गर्ने पनि प्रतिबद्धता व्यक्त गरे।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा


सम्पर्क: 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।


प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

- **मेष**: धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ।
- **वृष**: रोजगारको अवसर मिल्नेछ। राजनैतिक कार्यमा सफलता मिल्नेछ।
- **मिथुन**: छोटो दुरीको लाभदायक यात्रा रहला। वैदेशिक कार्य अघि बढ्नेछ।
- **कर्कट**: आज नसोचेको ठाउँबाट धन हात पर्नेछ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।
- **सिंह**: प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ। यात्रामा मालसामान हराउन सक्छ।
- **कन्या**: महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ
- **तुला**: आजको दिन उत्साहपूर्ण रहनेछ। विद्या र बुद्धिको विकास हुनेछ।
- **वृश्चिक**: आज भाग्योदय हुनेछ। धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ।
- **धनु**: आज यात्रामा मालसामान हराउन सक्छ। सौन्दर्यतामा धन खर्च पनि हुनेछ।
- **मकर**: मित्र वा आफन्तको सहयोग मिल्नेछ। बौद्धिकताको विकास हुनेछ।
- **कुम्भ**: आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यवसायबाट लाभ मिल्नेछ।
- **मिन**: दाम्पत्य जीवन सुखमय हुनेछ। बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ।